# शुक्लाफाँटा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८०/३/१० गते

# भाग १

**विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८०**

**प्रस्तावनाः**

शुक्लाफाँटा नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम शुक्लाफाँटा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐन को नाम "शुक्लाफाँटा नगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०।०८१ को निमित नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ८८,०७,९६,२००।०० मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त शुक्लाफाँटा नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषय गत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न/रकमान्तर सक्नेछ । यसरी रकम सार्दा/रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन

सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम रु

आ.व.२०८०।०८१

| सि नं | विवरण | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | संघ वित्तीय समानिकरण अनुदान | | | | १३७,९००,०००.०० |
| २ | संघ सरकारवाट प्राप्त राजश्व बाडफाँड (अन्तशुल्क) | | | | - |
| ३ | संघ सरकारवाट प्राप्त राजश्व बाडफाँड (मुल्यअभिवृदि कर) | | | | १२३,७२०,०००.०० |
| ४ | प्रदेश समानिकरण अनुदान | | | | १२,१४९,०००.०० |
| ५ | प्रदेश सरकारबाट प्राप्त राजश्व वाँडफाँड(सवारी साधनकर) | | | | ५,६९१,०००.०० |
| ६ | आन्तरिक आय (मालपोतवाट प्राप्त घर जग्गा रजिष्टेसन शुल्क) | | | | ३,३००,०००.०० |
| ७ | आन्तरिक आय राजश्व | | | | २४,२८४,०००.०० |
| | जम्मा | | | | ३०७,०४४,०००.०० |
| ८ | संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | | | | २३५,३००,०००.०० |
| ९ | संघीय सरकारबाट प्राप्त अन्तरसरकारी अख्तियारी | | | | १३,७४१,२००.०० |
| १० | संघीय सरकारबाट प्राप्त समपूरक संघीय तर्फ | | | | २२,०००,०००.०० |
| ११ | संघीय सरकारवाट प्राप्त विशेष अनुदान संघीय तर्फ | | | | ८,०००,०००.०० |
| | जम्मा | | | | २७९,०४१,२००.०० |
| १२ | प्रदेश सरकार विशेष अनुदान | | | | २,७५०,०००.०० |
| १३ | प्रदेश सरकार सशर्त अनुदान | | | | १९,९४६,३००.०० |
| १४ | प्रदेश सरकार समपुरक अनुदान | | | | ३,७४०,०००.०० |
| | जम्मा | | | | २६,४३६,३००.०० |
| १५ | क्षेत्रीय शहरी विकास कार्यक्रम (ए.डि.बि) | | | | ९,६५४,७००.०० |
| १६ | सामाजिक सुरक्षा अनुदान | | | | २५०,०००,०००.०० |
| १७ | सडक बोर्ड नेपाल | | | | ७,९२०,०००.०० |
| १८ | अन्य अनुदान | | | | ७००,०००.०० |
| | जम्मा | | | | २६८,२७४,७००.०० |
| | कुल जम्मा | | | | ८८०,७९६,२००.०० |

**आज्ञाले,**

**टिकेन्द्र राज भट्ट**

**प्रमुख प्रशासकीय अधिकृत**